# कोभिड १९ प्रतिवेदन २०७८

## रामेछाप नगरपालिका रामेछाप ।

(मितिः २०७८।२।९ सम्म)

रामेछाप नगरपालिकामा कोभिड १९ दोस्रो लहरको महामारी रोकथाम तथा नियन्त्रणका लागि नगर स्तरिय कोभिड १९ रोकथाम नियन्त्रण तथा व्यवस्थापन निर्देशक समितिको बैठक मिति २०७८।१।१५ गते नगरपालिकाको प्रमुख एबं उक्त निर्देशक समितिका संयोजक श्री नर बहादुर थापामगर ज्यूको अध्यक्षतामा बैठक बसी उक्त महामारी रोकथाम तथा व्यवस्थापनका लागि सम्पूर्ण तयारी गर्ने निर्णय भएको थियो । उक्त निर्णय बमोजिम देहाय बमोजिम तयारी तथा व्यवस्थापन गरियो ।

- ***क्वारेन्टिन तथा आइसोलेशन व्यवस्थापन ।***

गत बर्षको माहामारीको समयमा तयार गरिएको देहाय बमोजिमको क्वारेन्टिन तथा आइसोलेशन कक्षहरु तयार पारियो ।

| सि नं | विवरण | बेड क्षमता | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | आइसोलेशन बेड | १० | रामेछाप बजार | जनशक्ति तथा अक्सिजन र डिस होम सहित २८ इन्च टिभि जडान |
| | | १८ | रामेछाप अस्पताल | |
| | जम्मा | २८ | | |
| २ | क्वारेन्टिन बेड | १० | जलाधार अफिस | |
| | | १० | सामुदायिक भवन भंगरी | |
| | | १० | साँधुटार स्वास्थ्य चौकी | |
| | जम्मा | ३० | | |
| ३ | हेल्थ डेष्क स्थापना | | साँधुटार पुलमा | २ जना स्वास्थ्यकर्मीहरु अनड्यूटि राखिएको |
| ४ | एम्बुलेन्समा GPS जडान | ३ वटा | रामेछाप, साँघुटार | मलागिरी विकास केन्द्रको र साघुटार स्वास्थ्य चौकीको रामेछाप अस्पताल |

- ***रामेछाप अस्पतालमा रहेको १८ बेड क्षमताको आइसोलेशन कक्षमा २४ सै घण्टा नियमित सेवा सञ्चालनको लागि देहाय बमोजिम व्यवस्थापन गरियो ।***

१ ६ जना स्वस्थ्यकर्मीहरु (२ अ हे व र ४ अ न मी ) नगरपालिकाबाट काजमा खटाइएको ।

२ अस्पतालमा रहेको अक्सिजन नियमित रिफिलिङ गर्नको लागि ढुवानी सेवा व्यवस्थापन गरिएको र नगरपालिकमा रहेको ५ वटा अक्सिजन सिलिन्डर अस्पतालमा राखिएको।

३ १० थान अक्सिजन कनसनट्रेटर खरिद गरी अस्पातालमा कोभिड विरामीहरुको उपचार व्यवस्थापन गरिएको ।

४ ४०० वटा भिटिएम तथा २०० वटा एन्टिजेन किट खरिद गरि सबै वडाहरु तथा रामेछाप अस्पतालमा नियमिति नमुना संकलन गरि परिक्षण स्थलसम्म उक्त नमुना ढुवानीको व्यवस्थापन गरिएको

५ जिला अस्पताल रामेछापमा विशेक्षज्ञ चिकित्सकको व्यवस्थापन गर्नका लागि आवश्क वजेटको व्यवस्थापन गरी प्रकृया अगाडि बढाइएको ।

६ अस्पतालमा कोभिड १९ संक्रमणका विरामीहरुको भिड नियन्त्रण गरी उपचारलाई व्यवस्थित गर्न नियमित रुपमा नगर प्रहरीहरुको ड्युटी राखिएको ।

७ रामेछाप अस्पतालमा उपचारको क्रममा मृत्यु भएका सव व्यवस्थापनको लागि अस्पताल परिसरबाट सव व्यवस्थापन स्थल सम्म मोटर बाटोको निर्माण गर्नुको साथै सवबाहनलाई २४ सै घण्टा तयारी अवस्थामा राखिएको ।

- ***नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा देहाय बमोजिम रोकथाम नियन्त्रण तथा उपचारको व्यवस्थापन गरिएको छ ।***

- आवश्यक औषधिहरु खरिद गरि सबै स्वास्थ्य संस्थाहरुमा पठाइएको ।
- कोभिड १९ रोकथाम तथा नियन्त्रणका लागि आवश्यक स्वास्थ्य सुरक्षाका सामग्रीहरु खरिद गरि पठाइएको
    1. सर्जिकल मास्क ५००० पिस
    2. KN95 Mask ५०० पिस
    3. Hand Sanitizer ५ लि वाला १० जार
- वडा स्तरिय कोभिड रोकथाम तथा नियन्त्रण टिमलाई सकृय गराइ प्रत्येक वडाहरुबाट समुदायमा रहेका कोभिड संक्रमणका लक्षणहरु भएका विरामीहरुलाई आ आफ्नै घरमा होम आइसोलेशनमा बस्न लगाइएको र समुदायमा खुल्लारुपमा हिड्डुल गर्न कडाइ गरिएको । पिसिआर परिक्षणको लागि नगर स्वास्थ्य शाखामा समन्वय गरी परिक्षणको लागि आवश्यक व्यवस्था गरिएको र कोभिड पोजेटिभ केशहरुलाइ होम आइसोलेशनमा बस्न लगाइ रोकथाम तथा नियन्त्रणका उपायहरु अवलम्वन गर्न लगाइ कन्ट्याक्ट ट्रेसिङ गरिएको ।
- कोभिड पोजेटिभका विरामीहरुका लागि नियमित घरभेटमा गै आवश्यक औषधिहरुको प्याकेज वितरण गरिएको तथा नियमित फलोअप गरिएको ।
- आम मानिसहरुमा कोरोना रोकथाम तथा नियन्त्रणका लागि स्वास्थ्य सुरक्षाका मापदण्डहरु अपनाउने बारेको जनचेतनामुलक सन्देशहरु स्थानिय सञ्चार माध्ययमहरुबाट प्रकाशन तथा प्रशारण गर्नुको साथै मुख्यमुख्य बजारहरुमा जनचेतनमुलक सन्देशहरु माइकिंग गरिएको
- नगरपालिकामा भएका स्वास्थ्य प्राविधिकहरुलाई नगरको सवै वडाहरुमा तत्काल माहामारीको रेस्पोन्स गरी नियन्ण तथा रोकथामामा सहजता ल्याउन RRT Team Focal Person को जिम्मेवारी बाडफाँड गरी जिम्मेवारी बहन गर्न लगाइएको ।
- नियमितरुपमा सवै बडाहरुमा संकास्पद कोभिडका विरामीहरु भएको स्थानमा नै गएर पिसिआर नमुनाहरु संकलन गरिएको ।

| पिसिआर परिक्षण | | |
|---|---|---|
| म | पु | जम्मा |
| 127 | 226 | 353 |

| कोरोना पोजेटिभ | | |
|---|---|---|
| म | पु | जम्मा |
| २२ | ४५ | ६७ |

| एन्टिजेन परिक्षण | | |
|---|---|---|
| म | पु | जम्मा |
| 8 | २९ | 37 |

| निको भएका | | |
|---|---|---|
| म | पु | जम्मा |
| १३ | ३६ | ४९ |

| मृत्यु भएका | | |
|---|---|---|
| म | पु | |
| | 1 | |

| नया केश | | |
|---|---|---|
| म | पु | |
| 5 | 12 | 17 |

रामेछाप नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

रामेछाप बजार, रामेछाप

बागमती प्रदेश, नेपाल

## कोभिड १९ रेस्पोन्स

कोभिड १९ दोस्रो लहरको विवरण

### कोभिड केयर सेन्टर

| | |
|---|---|
| म | २ |
| पु | ११ |
| जम्मा | १३ |



### होम आइसोलेशन

| | |
|---|---|
| म | 17 |
| पु | 37 |
| जम्मा | 54 |



**सकृय संक्रमित**

मितिः २०७८।२।9 गते सम्म

| परिक्षण | वडा १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| पिसिआर परिक्षण | 13 | 19 | 32 | 4 | 54 | 87 | 69 | 67 | 8 | 353 |
| एन्टिजेन परिक्षण | 3 | 1 | 5 | 4 | 2 | 5 | 7 | 10 | | 37 |
| जम्मा | | | | | | | | | | 370 |
| पिसिआर पोजेटिभ | 0 | 3 | 10 | 2 | 1 | 8 | 12 | 25 | 1 | 62 |
| एन्टिजेन पोजेटिभ | 3 | 1 | 5 | 4 | 2 | 5 | 7 | 10 | | 37 |
| जम्मा | 3 | 4 | 15 | 6 | 3 | 13 | 19 | 35 | 1 | 99 |

प्रस्तुत कर्ताः
विषणु बहादुर कार्की
स्वास्थ्य संयोजक
रामेछाप नगरपालिका